# टिम मंगलको चिकित्सक संघको चुनाव २०८२ को संकल्प पत्र

## परिचय

नेपालका चिकित्सकहरू आज रोगसँग मात्र होइन, रोगग्रस्त स्वास्थ्य सेवा प्रणालीसँग पनि लडिरहेका छन्। राजनीतिक हस्तक्षेपले नियुक्तिहरु प्रतिस्पर्धात्मक नभई अन्यायपूर्ण बनाएको छ। चिकित्सकको तलब अत्यन्तै न्यून छ। श्रम अधिकार अस्पष्ट छन्। कानुनी जोखिम चिकित्सकले एक्लै व्यक्तिगतरुपमा बोक्नु परेको छ। ग्रामीण सेवामा दुख र जोखिम छ, तर प्रोत्साहन छैन। यी सबै समस्याको बेला NMA सबैको संस्था बन्न सकेको छैन। यसले निराशा, चिकित्सक पलायन र स्वास्थ्य सेवाको गुणस्तरमा गिरावट ल्याएको छ।

अब नेपाली चिकित्सा क्षेत्रमा ठुलै परिवर्तन आवश्यक छ र हामी त्यसको लागि तयार छौं ।हाम्रा एजेण्डा स्पष्ट छन। NMA लाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरिनेछ। सबै चिकित्सकलाई समान मताधिकार र एपमा आधारित व्यालोटिंग मार्फत पारदर्शी र निर्णय प्रक्रिया सुनिश्चित गरिनेछ। चिकित्सक ऐन मार्फत तलब—भत्ता, श्रम अधिकार, बीमा र कानुनी संरक्षण सुनिश्चित गरिनेछ। NMA सदस्यता केवल कार्ड र जर्नलमा सीमित रहने छैन। रोजगारी सहायता, निःशुल्क कानुनी सेवा, डिजिटल प्लेटफर्म, अनुसन्धान, तालिम, मानसिक स्वास्थ्य र अन्तर्राष्ट्रिय अवसरहरू NMA को आधारभूत सेवा बनाइनेछ। ।प्रतिस्पर्धामा आधारित नियुक्ति, अध्ययनमा रहेका बाधा हटाउने क्वाकरी नियन्त्रण र स्वास्थ्यकर्मीको सुरक्षामा निसर्त नीतिगत सुधार लागू गरिनेछ।

हामी विज्ञप्ति र पहल गर्ने छौ मा सिमित हुने छैनौ।यो घोषणापत्र मात्र होइन - यो व्यवस्था बदल्ने संकल्प हो।

## हाम्रो प्रतिबद्धता

- हामी निर्वाचित भएपछि कार्यकाल भर स्वास्थ्य क्षेत्रका कुनै पनि राजनीतिक नियुक्तिमा सहभागी हुने छैनौं।

- पदाधिकारीहरूले तालिम वा अध्ययनका लागि संघको जिम्मेवारी छोड्ने छैनन् र आफ्नो कर्तव्य निरन्तर पूरा गर्नेछन्।
- चिकित्सकीय पेशा, चिकित्सकको हित र गरिमामा हानी पुऱ्याउने कुनै पनि गतिविधिमा संलग्न हुने छैनौं।
- चिकित्सक संघमार्फत गरिने निर्णयमा कुनै पनि राजनीतिक दल वा तिनका संगठनको संलग्नता रहने छैन।
- हाम्रो टिमको कुनै पनि सदस्य कुनै पनि राजनीतिक दलमा आवद्ध हुने, पद लिने वा राजनीतिक गतिविधिमा संलग्न हुने छैनन्।
- संघले लिने महत्त्वपूर्ण निर्णयहरू बहुमत सदस्यले पारित गर्नुपर्ने व्यवस्था गर्दै, यस्ता निर्णयको लागि Balloting प्रणाली लागू गर्नेछौं।
- प्रत्यक महिनामा ने. चि. संघको प्रगति विवरण र प्रत्यक ३ महिनामा वित्तीय विवरण सार्वजनिक गर्ने छौ ।

# एजेण्डाहरु

## एजेण्डा १: हाम्रो NMA, सबैको NMA

सबै चिकित्सकलाई समान मताधिकार, अनलाइन मतदान, Balloting र आवासीय तथा प्रारम्भिक करियरका चिकित्सकको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नेछौं। NMA केहीको होइन, सबै चिकित्सकको साझा संस्था बनाउन हामी निर्वाचित भएपछि पहिलो कार्यकारिणीको बैठकबाट निम्न लिखित प्रबन्ध परिषद मार्फत संसोधन गर्ने निर्णय गर्नेछौः

१. सबै सदस्यलाई मताधिकारसहित साधारण सदस्यता (रु. ३०० मा) पुनः सुरु गर्ने।

२. निर्वाचनमा उम्मेदवारी दिन लाग्ने ४ वर्षे र ७ वर्षे प्रबन्ध तत्काल खारेज गर्ने।

३. सम्पूर्ण चिकित्सकको मताधिकार सुनिश्चित गर्न आगामी NMA निर्वाचनमा NMA एपमार्फत पूर्ण अनलाइन भोटिंगको व्यवस्था गर्ने।

४. कार्यकारिणी समितिमा आवासीय चिकित्सकको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने।

५. सम्पूर्ण चिकित्सकलाई आवश्यक कानुनी परामर्श NMA का Legal Advisor मार्फत निशुल्क प्रदान गर्ने, र यसलाई NMA विधानमा व्यवस्था गर्ने।

६. NMA को परिषदमा आवासीय चिकित्सक र मेडिकल अफिसरको क्लस्टरगत प्रतिनिधित्व सुनिश्चित गर्ने।

७. NMA का प्रादेशिक समिति क्रियाशील बनाउने, र त्यसका लागि प्रदेशअन्तर्गत सबै जिल्लामा शाखा विस्तार गर्न विधानमा ५० सदस्यको आवश्यकता हटाउने।

८. कार्यकारिणी समिति सम्बन्धी परिषद, उप—समिति लगायतको बैठक र निर्णय अनलाइन गर्न मिल्ने व्यवस्था गर्ने।

९. संघले लिने महत्त्वपूर्ण निर्णयहरू बहुमत सदस्यले पारित गर्नुपर्ने व्यवस्था गर्दै, यस्ता निर्णयको लागि Balloting प्रणाली लागू गर्ने।

## एजेण्डा २: चिकित्सक ऐन

नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका सम्पूर्ण चिकित्सकलाई **डा टंक बाराकोटी प्रतिवेदानले सुझाएका** राज्य तथा यसका संरचनाहरूले प्रदान गर्नुपर्ने आर्थिक र सामाजिक सेवा—सुविधा समेटेर "चिकित्सक ऐन" जारी गर्न नेपाल सरकारसंग माग गरिनेछ र व्यबस्थापिकासंग पहल गरिनेछ। यो ऐनले चिकित्सकका लागि श्रम ऐनको समानान्तर कानुनी व्यवस्थाको रूपमा काम गर्नेछ। यो ऐन जारी गराउन सरकारमाथि दबाब सिर्जना गर्न आवश्यक पर्ने जुनसुकै किसिमका कदम चाल्न पनि हामी तयार रहनेछौं।

ऐनमा समेटिने मुख्य व्यवस्थाहरू:

**१. आर्थिक सेवा—सुविधा**

- आवास, सवारी साधन तथा क्लिनिक स्थापना गर्दा राज्य स्वामित्वका बैंकमार्फत विशेष चिकित्सक ऋण योजना अन्तर्गत न्यून ब्याजदरमा सहुलियत ऋणको व्यवस्था।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा सेवा गर्ने चिकित्सकलाई १५ लाख रुपैयाँसम्मको आम्दानीमा पारिश्रमिक कर छुट गर्ने व्यवस्था।

**२. तलब - भत्ता**

- सार्वजनिक तथा निजी दुवै क्षेत्रमा लागू हुने न्यूनतम पारिश्रमिक र परामर्श शुल्क मापदण्ड
- सम्पूर्ण चिकित्सकलाइ संचय कोषको व्यवस्था

**३. श्रम अधिकार**

- इन्टर्न तथा आवासीय चिकित्सकलाई समेत समेटी सम्पूर्ण चिकित्सकको कार्य समय, बिदा र अतिरिक्त समय काम सम्बन्धी स्पष्ट व्यवस्था।

४. **सामाजिक सुरक्षा**

- सार्वजनिक स्वास्थ्य संस्थामा चिकित्सक र उनका परिवारका सदस्यलाई निःशुल्क उपचार। राज्य र कार्यरत अस्पतालमार्फत अनिवार्य स्वास्थ्य बीमा, जीवन बीमा र पेशागत जोखिम बीमा
- आर्थिक सहायताको लागि चिकित्सक कल्याणकारी कोषको स्थापना

५. **व्यावसायिक विकास र सम्मानः**

- चिकित्सकको व्यावसायिक विकास, तालिम, अनुसन्धान र सम्मानका लागि राज्यको आर्थिक तथा संस्थागत सहयोग।
- चिकित्सा शिक्षा ऐन, स्वास्थ्य सेवा ऐनले चिकित्सकको अध्ययन र वृत्तिविकासमा रहेका सम्पूर्ण अड्चन खुल्ला गर्ने

६. **कानुनी संरक्षणः** उपचार क्रममा आउने जटिलतामा स्पष्ट कानुनी संरक्षण र चिकित्सकका लागि कानुनी सहायता कोषको स्थापना

७. **ग्रामीण सेवाः** दुर्गम क्षेत्रमा सेवा गर्ने चिकित्सकका लागि विशेष प्रोत्साहन प्याकेज।।

८. **सिट संख्याः** चिकित्सशास्त्रमा चिकित्सक अध्यापनको सिट संख्या तोक्न पुर्व अनिवार्य वजारको आवश्यकता विस्लेषण गर्नु पर्ने व्यवस्था।

## एजेण्डा ३ः NMA ले चिकित्सकलाइ दिने सुबिधा सुधार र विस्तार

नेपाल चिकित्सक संघको विधानअनुसार NMA सदस्य भएबापत हाल दुईवटा मात्र सुविधाको व्यवस्था छः १) Journal of NMA र २) NMA का आवास तथा यसले आयोजना गर्ने कन्फरेन्स र तालिममा सहभागी हुन पाउने।

यसलाई हामी व्यापक रूपमा विस्तार गर्दै सेवा—सुविधा तथा कार्यक्रमहरू थप गर्नेछौं।

१. DIGITALIZATION: चिकित्सक संघले प्रदान गर्ने सम्पूर्ण सेवा—सुविधा तथा सदस्यता आवेदनलगायतका प्रक्रिया समेट्ने एकीकृत डिजिटल प्लेटफर्म निर्माण गर्ने।

२. NMA Job Connect एप जारी गरि चिकित्सकलाइ Job Finding Service सुरु गरिने छ ।

३. Legal Aid Unit स्थापना गरी चिकित्सकलाई निःशुल्क कानुनी परामर्श सेवा सुरु गर्ने।

४. कोशी प्रदेशमा BPKIHS शाखामा कार्यालय रहने गरी Journal of Koshi Provincial NMA र कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शाखामा कार्यालय रहने गरी Rural Health Journal प्रकाशन गर्ने।

५. NMA मार्फत काठमाडौंमा हुने अनुसन्धान र ग्रान्ट (GRANT) सम्बन्धी सम्पूर्ण तालिमहरू प्रदेश स्तरमा सञ्चालन गर्ने।

६. नेपालको चिकित्सक क्षेत्रमा सक्रिय विभिन्न पेशागत संघहरूसँग समन्वय गरी Research Mentorship र Career Mentorship कार्यक्रम सञ्चालन गर्ने।

७. नेपाल चिकित्सक संघभित्र अन्तर्राष्ट्रिय समन्वय समिति गठन गरी विश्वभरका मेडिकल एसोसिएसनसँग सहकार्यमा Fellowship कार्यक्रमहरु सुरु गर्ने।

८. सुरक्षित चिकित्सा अभ्यासका लागि Patient Safety Guideline निर्माण गरी चिकित्सकका विभिन्न पेशागत संगठनसँगको समन्वयमा Informed Consent, Documentation र Communication सम्बन्धी कार्यविधि तयार गरी नेपालभर तालिम सञ्चालन गर्ने।

९. चिकित्सकको मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि Physician Wellbeing and Comprehensive Mental Health Program सञ्चालन गर्ने।

१०. नेपालभर रहेका NMA गेस्ट हाउसहरूलाई सुविधा—सम्पन्न बनाइनेछ र काठमाडौंस्थित NMA गेस्ट हाउसमा बस्ने चिकित्सकका लागि एरपोर्ट पिकअप तथा ड्रप सेवा सुरु गरिनेछ।

# अनिवार्य नीतिगत सुधार (NON-NEGOTIABLE POLICY CHANGES)

हाल नेपालका विभिन्न कानुनहरूले चिकित्सकको अध्ययन, अनुसन्धान, क्लिनिकल काम र व्यावसायिक विकासमा रोक लगाएका छन्। हामीले निम्न मुख्य नीतिगत सुधार आवश्यक देखेका छौं र सोको लागि हामी दृढतापूर्वक लाग्ने छौ

१. नेपालभर सार्वजनिक स्वास्थ्य संस्थामा नियुक्ति प्रक्रियामा सरकारी प्रतिवेदनअनुसार गैर–राजनीतिक र प्रतिस्पर्धात्मक नियुक्तिको व्यवस्था गर्ने।

२. स्वास्थ्य मन्त्रालय भित्र Anti-Quackery इकाई स्थापना गर्ने।

३. चिकित्सा शिक्षा ऐनको दफा १६, उपदफा ६ अन्तर्गत स्नातकोत्तर अध्ययन १ वर्ष कार्य अनुभव चाहिने व्यावस्था खारेज गर्ने।

४. चिकित्सा शिक्षा नियमावलीको नियम २२, उप–नियम ५ अन्तर्गतको व्यवस्था खारेज गर्दै छात्रवृत्तिमा अध्ययन गरि छात्रवृति करारमा काम गर्ने चिकित्सकलाई सेवा आवधिमा लोकसेवा परीक्षा र थप अध्ययन गर्ने बाटो खुल्ला गर्ने।

५. उपभोक्ता अदालतले चिकित्सकीय अभ्यास सम्बन्धी निर्णय गर्दा सरकारी अध्ययनले सिफारिस गरेको मेडिकल जुरीको व्यवस्था अपनाउनुपर्ने।

६. स्नातक तह पछि स्नातकोत्तर(MD/DM/McH) अध्ययन गर्दा, अध्ययन मात्र नभई काम पनि हुने भएकाले सरकारी चिकित्सकलाई क्लिनिकल विषयमा स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गर्दा केवल पूर्व स्वीकृति आवश्यक हुने र आवासीय चिकित्सकको रूपमा काम गर्दा अध्ययन बिदा लिनु नपर्ने गरि स्वास्थ्य सेवा ऐन संसोधन गर्ने ।

७. छात्रवृत्ति करारका चिकित्सकलाई निजी अभ्यास गर्न नदिने २०७२ कार्यविधि खारेज गर्ने र नया निर्देशिका जारी गर्ने।

८. संघीयतापछि दरबन्दी नथपिँदा MD/MS चिकित्सकको करियर विकास अवरुद्ध भएकाले स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला निकायसँग समन्वय गरी समूहगत बढुवाको प्रक्रिया अघि बढाउन ऐन संसोधन।

९. स्वस्थ्यकर्मीको सुरक्षाको लागि शुन्य सहनसीलताको नीति कार्यान्वयन गर्ने ऐन संसोधनको प्रक्रियालाइ पुरा गरि स्वास्थ्यकर्मी माथि हुने हिसालाइ सच्चिकै Non-Bailable कसुर बनाउने ।

## NMA अन्तर्गत प्रभावकारी Research and Advocacy Units सञ्चालन

चिकित्सा पेशा, चिकित्सा शिक्षा, चिकित्सक र स्वास्थ्यकर्मीको सुरक्षा लगायतको विषयमा निरन्तर पैरवी गर्न प्रबुद्द चिकित्सकहरुको नेतृत्वमा ५ ओटा स्थायी Research and Advocacy Units सञ्चालन गरिने छ। सो इकाईहरुले अध्ययन अनुसन्धान गरि आफ्नो क्षेत्रमा निरन्तर विभिन्न अभियान संचालन गर्ने छन्

| SN | Name of Advocacy Units | Campaigns/Programs |
|---|---|---|
| 1. | Medical Students | 1. Ending barriers to medical education<br>2. Anti-Bullying and Harassment in Medical Schools<br>3. Career Guidance for Students |
| 2. | Resident and Early Career Doctors Unit | 1. Resident Welfare and Support Programs<br>2. Recognition and Appreciation Day<br>3. Mentorship |
| 3 | Health Care Safety and Protection | 1. Zero Tolerance to Violence Policy |
| 4. | Policy and Governance Unit | 1. Implementing Tanka Barakoti Report's Recommendations<br>2. Patient Safety and Quality Care Guidelines<br>3. Comprehensive Informed Consent Act |
| 5 | Physicians Wellbeing and Mental Health Unit | 1. Comprehensive Mental Health Programs<br>2. Stress Management and Burn out prevention<br>3. Peer support and counseling network |
| 6 | Other Units to be decided on regular basis | To be determined |